# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.....................पुनरावेदन.. शाखा)

उच्च सरकारी वकिल कार्यालय पाटन
दर्ता नं. ४३८८
मिति: २०७६/०१/१०

पत्र संख्या :- ०७५/७६
चलानी नं. :- १०४०८

रामशाहपथ, काठमाडौं
मिति :- २०७६/०१/०९

विषय:- केश फाईल फिर्ता पठाईएको बारे।

श्री जिल्ला सरकारी वकील कार्यालय,
दोलखा।

उपरोक्त सम्बन्धमा परिवर्तित नाम १७(ख) ७६ को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजवहादुर भन्ने राजमान थामी भएको जवरजस्ती करणी मुद्दाको फाईल उच्च सरकारी वकील कार्यालय, पाटनको चलानी नं. ७६४५ मिति २०७५/१२/२९ को पत्रसाथ मिति २०७५/१२/२९ मा प्राप्त भयो ।

तत् सम्बन्धमा सो केश फाईल महान्यायाधिवक्ता समक्ष पेश हुँदा " वर्ष १७ का राजवहादुर भन्ने राजमान थामी उपर मुलुकी ऐन जवरजस्ती करणी को ३(३) नं. वमोजिम सजायको मागदाबी रहेकोमा दाबी बमोजिम कसूर ठहर भै ६ वर्ष कैदको सजाय हुनेमा प्रतिवादी १८ वर्ष मुनिको नाबालक देखिँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(४) र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) वमोजिम उमेर पुगेको कसूरदारलाई हुने सजायको (दुई तिहाई) अर्थात ४ बर्ष कैद सजाय हुने गरी शुरु दोलखा जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसूरका सम्बन्धमा कसूर गर्दाका बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ" भन्ने व्यवस्था गरेकोले प्रस्तुत मुद्दाको फैसला कानून वमोजिम नै देखिँदा पुनरावेदन गर्नु पर्ने देखिएन।

अतः यसै प्रकृतिका मुद्दामा यही कानूनी व्यवस्था वमोजिम अभियोग दावी लिँदाका बखत कायम रहेको कानूनमा बढी सजाय हुने व्यवस्था भएको तर फैसला गर्दाका बखत कायम रहेको कानूनमा घटी सजाय हुने व्यवस्था भएको कारणले प्रतिवादीलाई मागदावी भन्दा कम सजाय भए उपर पुनरावेदन नगर्ने प्रस्ताव पठाई निकाशा लिईरहन औचित्य पूर्ण नदेखिँदा त्यस्ता मुद्दाहरुमा कसूर कायम जनाई मुद्दाको लगत कट्टा गर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ।

..................
(बासुदेव लम्साल)
उपन्यायाधिवक्ता

वोधार्थ:
श्री उच्च सरकारी वकील कार्यालय,पाटन।

f:\letters\letter format softcopy.docx

फोन: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np